Regd. No. 36-047/048 (Kathmandu DAO), Social Welfare Council-13519

नेवापस
Three Decades of Environmental Journalism
Journalism for Sustainability

Nepal Forum of Environmental Journalists (NEFEJ)

नेपाल वातावरण पत्रकार समूह

डढेलो नियन्त्रण गर्न गम्भीर बनौं

२० वैशाख, काठमाडौं

हालैका दिनहरूमा देशभर आगलागी, डढेलोको घटनाहरू बढ्दै गएको र यसका कारण वनजंगलमा क्षति पुग्नुका साथै मानवीय हताहती र जनधनको क्षति भएका घटनाहरूप्रति नेपाल वातावरण पत्रकार समूह (नेवापस)को गम्भीर ध्यानाकर्षण भएको छ ।

जलवायु परिवर्तनका कारण संसारभर डढेलोका घटना बढ्दै जाने जलवायु परिवर्तन सम्बन्धी अन्तरसरकारी संयन्त्र (आइपिसीसी) ले पटकपटक आफ्ना प्रतिवेदनहरूमा उल्लेख गर्ने गरेको छ । हरेक वर्ष हिउँद र वर्षाका बिचको सुख्खायामको समय बढ्दै गएको विभिन्न निकायका अनुसन्धानले देखाएको छ । यी सबै कुराहरूलाई ध्यानमा राख्दा डढेलोको घटनाहरू आगामी वर्षहरूमा अझै बढेर जाने र 'हरियो वन नेपालको धन' आख्यानमा मात्रै सीमित हुन सक्ने देखिन्छ ।

नेपालको संविधानको धारा ३० ले हरेक नेपाली नागरिकलाई स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरेकोमा बढ्दो वन डढेलोका घटनाले त्यो अधिकार समेत कुन्ठित भएको छ । डढेलोका कारण काठमाडौं उपत्यका लगायत देशका विभिन्न स्थानहरूमा वायु प्रदूषणको मात्रा अत्यधिक बढेको छ । बढ्दो प्रदूषणका कारण सर्वसाधारण (बालबालिका र वृद्धवृद्धा)को श्वास-प्रश्वासमा नै समस्या देखिन थालेको छ ।

यसो भइरहँदा सरकारी निकायको पूर्व तयारी निकै फितलो देखिएको छ । आगो लाग्दा निभाउने संयन्त्रमा खटिएकाहरूलाई न पर्याप्त तालिम छ, न त प्राविधिक स्रोत र साधन नै । आगोको लप्काको अगाडि निरिह देखिएका स्थानीय प्रतिनिधि, कर्मचारी र समुदाय जोखिममा देखिएका छन् । मंगलबार घर नजिकैको तप्तेश्वर सामुदायिक वनमा लागेको डढेलो नियन्त्रणका क्रममा गम्भीर घाइते भएका ललितपुरको गोदावरी नगरपालिका-४ बडिखेलाका शंकर र रमेश पहरीको उपचारका क्रममा निधन भएको छ ।

गत २८ चैतमा डोल्पाको सामुदायिक वनको डढेलो निभाउने क्रममा गम्भीर घाइते भएका ३ जना सैनिकको पनि उपचारका क्रममा ज्यान गएको थियो । डढेलो नियन्त्रणमा पर्याप्त स्रोत साधन अभाव र असावधानीले २०६६ सालमा रामेछापमा १३ जना सैनिकको ज्यान गएको थियो । राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार वैशाख १ यता आगलागी र डढेलोबाट १६ जनाको मृत्यु भएको छ ।

नेवापस नेपाल सरकारलाई डढेलो नियन्त्रण, यो कार्यमा खटिने अग्नी नियन्त्रक तथा सुरक्षाकर्मीलाई आवश्यक स्रोत साधन उपलब्ध गराउन विशेष आग्रह गर्दछ । सुख्खा मौसम सुरु हुनु अगावै सतर्कता नअपनाउँदा हरेक वर्ष जनधनको क्षति बढिरहेको छ । अतः यस्तो क्षति न्यूनीकरण योजनामा वडा कार्यालय, सामुदायिक वन समूह र अन्य सरोकारवाला निकायलाई स्रोत र साधन र तालिमको व्यवस्था गर्न माग गर्दछौं ।

अब सुख्खायाम लगत्तै सुरु हुने वर्षायाममा हुनसक्ने सम्भावित जनधनको क्षति न्यूनीकरणका लागि अहिलेदेखि नै गृहकार्यमा जुट्न तीनै तहका सरकारलाई ध्यानाकषर्ण गराउछौं ।

रोशनी अधिकारी पाठक
अध्यक्ष

Address: Bhanimandal, Ring-Road, Lalitpur, Post Box 5143, Kathmandu, Nepal
Phone: +977-1-5153245, 5153342, 5153533, Fax: +977-1-5153031, Email: nefej@mos.com.np, URL: www.nefej.org.np
Member of IUCN, International Union for Conservation of Nature, Asia-Pacific Forum of Environment Journalists (APFEJ)
International Federation of Environmental Journalists (IFEJ)